## आ.व.२०८२।८३ को एघारौँ कार्यपालिका बैठक

आज मिति २०८२।११।०६ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | पहलवान |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | पार्वती |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९ | व. लेखा अधिकृत | श्री लेखा भण्डारी | |
| २० | प्रशासकीय अधिकृत | श्री विकास नेपाली | |
| २१ | स. कृषि अधिकृत | श्री बरसाती गडरिया | |
| २२ | व लेखा सहायक | श्री [illegible] अधिकारी | |
| २३. | नारायण न्यौपाने | [illegible] चौधरी | |

आ.व. २०८२।८३
बैठक नं.-११
मिति २०८२।११।०६

**मिति २०८२।११।०६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| २ | LoCAl योजना छनौट सम्बन्धमा । | योजना छनौट गरी कार्यान्वयनमा लैजाने। | |
| ३ | सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि सम्बन्धमा। | कार्यविधि स्विकृत गर्ने | |
| ४ | दोलाइ खोलाको IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा। | प्रतिवेदन स्विकृत गर्ने। | |
| ५ | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती आधारभुत अस्पताल वीच MOU गर्ने सम्बन्धमा। | सम्झौताका आधारमा MOU गर्ने। | |
| ६ | उखु खेती प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड सम्बन्धमा। | मापदण्ड स्विकृत गर्ने। | |
| ७ | केरा खेती प्रवर्द्धन कार्यक्रम संचालन मापदण्डको संसोधन सम्बन्धमा । | संसोधन प्रस्ताव स्विकृत गर्ने। | |
| ८ | "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि,२०७४ संसोधन सम्बन्धमा। | संसोधन प्रस्ताव स्विकृत गर्ने । | |
| ९ | स्थापना दिवसको अवसरमा दौड प्रतियोगिता सम्बन्धमा। | पुरस्कार राशी सहितको दौड प्रतियोगिता संचालन गर्ने। | |
| १० | शिवरात्री मेला सहयोग सम्बन्धमा | विल भर्पाईका आधारमा रकम उपलब्ध गराउने । | |
| ११ | आर्थिक सहायता (स्वास्थ्य उपचार) | आर्थिक सहयोग गर्ने । | |
| १२ | आर्थिक सहायता (राहत ) | शव ल्याउन राहत उपलब्ध गराउने। | |
| १३ | फरफारक तथा खर्च प्रतिवेदन अनुमोदन सम्बन्धमा। | फरफारक तथा खर्च प्रतिवेदन स्विकृत गर्ने । | |
| १४ | सडक मर्मत सम्भार सम्बन्धमा। | दोलई खोलाको भस्कट प्रयोग गरी सडक मर्मत गर्ने। | |
| १५ | पुस्तक छपाईका लागि स्रोत सुनिश्चितता सम्बन्धमा। | स्रोत सुनिश्चितता गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने। | |
| १६ | डिलाराम पौडेलको निकास र न्यायको पहल सम्बन्धी निवेदन सम्बन्धमा। | शिक्षा शाखा मार्फत विद्यालय संग आवश्यक जानकारी लिने। | |

आ.व. २०८२।८३
बैठक नं.-११
मिति २०८२।११।०६

**मिति २०८२।११।०६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – राप्ती गाउपालिकाको स्विकृत वार्षिक कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फ विनियोजित कार्यसम्पादनमा आधारित स्थानीय जलवायू अनुकुलनका कृयाकलापहरु कार्यान्वयन ( LoCAL Project) मार्फत संचालन हुने गरी देहायका योजना छनौट गर्ने ।

| क्र.सं. | योजनाको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | ढ्याव्ली खोला पुल निर्माण तथा ढ्याव्ली खोला देखि पुर्व तर्फ सडक स्तरोनन्ती | ८० लाख | |
| २ | पिपरी खोलाको अति जोखिम युक्त ठाउँहरुमा (वडा नं. ४ र ८ )मा तटबन्धन | ५० लाख | |
| ३ | ६ नं.वडा कार्यालय, पत्थरगढवा सामुदायिक स्वास्थ्य ईकाई सुरक्षाका लागि सानो नदीमा तटबन्धन वडा नं.६ | ३० लाख | |
| ४ | सिसहँनिया उद्योग वाणिज्य संघको कार्यालय देखि पुर्व तर्फ डुवान क्षेत्र वहिमा शेर वाल सहित सडक स्तरोन्नती | ४५ लाख | |
| ५ | तल्लो घोसखोला सिचाई आयोजना वडा नं. ९ | ३० लाख | |
| ६ | मौवाको रुख नेर कन्ति कुलो निर्माण वडा नं. १ | १५ लाख | |
| ७ | प्रशासनिक खर्च ( दोलाईखोला जलाधार संरक्षण आयोजना DPR निर्माण समेत) | २० लाख | |
| ८ | लठ्ठहवा- सिङ्गे डुवान क्षेत्रमा सडक स्तरोनन्ती वडा नं. ५ | २० लाख | |
| ९ | भगवानपुर सिँचाई कुलो निर्माण वडा नं. ६ | २५ लाख | |

**निर्णय नं.३** – राप्ती गाउँपालिकाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि २०८२ स्विकृत गर्ने ।

आ.व. २०८२।८३
बैठक नं.-११
मिति २०८२।११।०६

**निर्णय नं. ४-** परामर्शदाता युनिभर्सल ईन्जिनियरिङ कन्सल्टेन्ट एण्ड बिल्डर्स प्रालि तिलोत्तमा ०५ रुपन्देहीद्धारा पेश गरिएको लुम्बिनी प्रदेश दाङ जिल्लाको राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र बग्ने दोलई खोलाबाट दिगो रुपमा भस्कट, माटो तथा नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय प्रतिवेदन २०८२ स्विकृत गर्ने ।

**निर्णय नं.५-** राप्ती आधारभूत अस्पतालबाट प्रवाह गरिने सेवा प्रवाहलाई थप प्रभाकारी बनाउन राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती आधारभुत अस्पताल वीच द्धिपक्षिय सम्झौता गरी MOU गर्ने ।

**निर्णय नं.६-** राप्ती गाउँपालिकाको उखु खेती प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड २०८२ स्विकृत गर्ने ।

**निर्णय नं. ७-** राप्ती गाउँपालिकाको केरा खेती प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड २०८१ को पहिलो संसोधन २०८२ स्विकृत गर्ने ।

**निर्णय नं.८-** राप्ती गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ मा देहाय बमोजिम संसोधन गर्ने ।

- अनुसूची २ लाई देहाय बमोजिम कायम गर्ने ।

**अनुसुची - २**

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

**दस्तुर तथा थप दस्तुर**

| क्र.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | ईजाजतपत्र नाम सारी दस्तुर | ईजाजतपत्र प्रा.लि. |
|---|---|---|---|---|---|---|
| १ | **घ** | रु. ३०,०००।०० | रु. १०,०००।०० | रु. २,०००।०० | रु.१०,०००।०० | रु. १०,०००।- |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ वमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

आ.व. २०८२।८३
बैठक नं.-११
मिति २०८२।११।०६

- अनुसूची ६ को जाँचबुझ समितिलाई देहाय बमोजिम कायम गर्ने।

**अनुसुची - ६**

कार्यविधि को दफा २ को उपदफा (२) संग सम्वन्धित

**जाँचबुझ समिति**

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

२.राजस्व शाखा प्रमुख – सदस्य

३. मेकानिकल/सिभिल इन्जिनियर – सदस्य सचिव

उल्लेखित समितिमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

**निर्णय नं. ९** – राप्ती गाउँपालिकाको नवौँ स्थापना दिवसको अवसरमा राप्ती गाउँपालिका वडा नं.४ मौरीघाट देखि राप्ती गाउँपालिका वडा नं.९ देविकोट सम्म देहायको पुरस्कार स्थित राष्ट्रव्यापी खुला पुरुष तथा महिलन दौड प्रतियोगिता **"देविकोट क्रसकन्ट्री दर्शन दौड २०८२"** आयोजना गर्ने, उक्त कार्यक्रमको लागि अपुग रकम हिउदेँ सभाबाट सुनश्चित गर्ने गरी कार्यक्रम संचालन गर्ने।

| क्र.सं. | विवरण | पुरस्कार राशी रकम(रु मा ) कर सहित | कैफियत |
|---|---|---|---|
| १ | प्रथम पुरस्कार | ५० हजार | |
| २ | द्धितीय पुरस्कार | ४० हजार | |
| ३ | तृतीय पुरस्कार | ३० हजार | |

**निर्णय नं. १०-** राप्ती गाउँपालिका ८ नं. वडा कार्यालयको च.नं.१२०३ मिति २०८२।१०।१८ को पत्रानुसार राप्ती गाउपालिका वडा नं. ८ पिपरीमा परापुर्व कालदेखि महाशिवरात्री पर्वको अवसरमा चल्दै आएको शिवरात्री मेला सञ्चालनका लागि राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रु १०,०००/- (अक्षरुपी दश हजार) सम्म विल भर्पाईका आधारमा भुक्तानी दिने।

**निर्णय नं. ११-** राप्ती गाउँपालिका ५ नं. कार्यालयको च नं.१११६ मिति २०८२।१०।१५ को सिफारिस पत्रानुसार राप्ती गापा ५ बस्ने रण बहादुर विश्वकर्माको छोरा हिरालाल विश्वकर्मा घरबाट लडेर घाईते भई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा उपचाररत भएको र नीजको आर्थिक अवस्था निकै कमजोर रहेकोले राप्ती गाउँपालिकाको स्विकृत वार्षिक कार्यक्रम अन्तरगत स्थानीय विपद् व्यवस्थापन कोषबाट रु १० हजार आर्थिक सहयोग गर्ने ।

आ.व. २०८२।८३
बैठक नं.-११
मिति २०८२।११।०६

**निर्णय नं.१२-** राप्ती गाउँपालिका २ नं. कार्यालयको च नं.११४६ मिति २०८२।०९।२६ को सिफारिस पत्रानुसार राप्ती गापा वडा नं.२ स्थायी निवासी श्री शन्त बहादुर नेपालीको मिति २०८२।०९।२१ गते सुर्खेतमा असामयिक निधन भएकोले नीज मृतकको परिवारलाई शव ल्याउने प्रयोजनका लागि राहत स्वरुप राप्ती गाउँपालिकाको स्विकृत वार्षिक कार्यक्रम अन्तरगत स्थानीय विपद् व्यवस्थापन कोषबाट रु १० हजार आर्थिक सहयोग गर्ने ।

**निर्णय नं. १३-** राप्ती गाउँपालिकाको २०८२ माघ मसान्तसम्मको आय व्यय फरकफारक तथा खर्च प्रतिवेदन स्विकृत गर्ने।

**निर्णय नं.१४–** राप्ती गाउँपालिका वडा नं. ५ मा स्थित राजमार्गको दुवैपट्टी बजार क्षेत्रमा दोलई खोलाको भस्कट गरी सडक मर्मत कार्यका लागि राप्ती गाउँपालिकाको आ.व. २०८२/८३ स्विकृत वार्षिक कार्यक्रम अन्तरगत सडकलगायत सार्वजनिक पुर्वाधार मर्मत सम्भार शिर्षकबाट खर्च हुने गरी राप्ती गाउँपालिका वडा नं. ५ मा स्थित सिसहनिया बजार स्थित राजमार्गको दुवैपट्टी किनारा मर्मत सम्भार योजना कार्यान्वयन गर्ने।

**निर्णय नं. १५-** राप्ती गाउँपालिकाको स्विकृत वार्षिक कार्यक्रम अन्तरगत हाम्रो राप्ती पाठ्यपुस्तक छपाई तथा वितरण कक्षा १-८ शिर्षकमा विनोजित रकमबाट कार्यक्रम कार्यान्वयनमा अपुग रकम हिउदें सभाबाट सुनश्चित गर्ने गरी कार्यान्वयन पकृया अगाडी बढाउने।

**निर्णय नं.१६-** श्री डिलाराम पौडेल, लिटिल एन्जेल्स स्कुल, राप्ती १ भालुवाङका नाममा वाध्यात्मक परिस्थितिबाट निकास र न्यायको पहलबारे भनि दिएको निवेदन बमोजिम सो सम्बन्धमा के भएको जानकारी लिनका लागि शिक्षा युवा तथा खेलकुद शाखा मार्फत सोधपुछ गरी सो सम्बन्धमा सम्बन्धित पक्षसंग समन्वय तथा सहजिकरण गर्ने।

**निर्णय नं.१७-** विद्यालय शैक्षिक सुधार गुणस्तर सुद्धढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तरगत विद्यालयमा भर्चुअल शिक्षण, ई लर्निङ पुस्तकालय र विज्ञान प्रयो गशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन संचालन कार्यका लागि विनियोजन भएको रकम रु १० लाखबाट कार्यक्रम गर्न श्री बाल कल्याण आधारभुत विद्यालय पहरुवालाई छनौट गर्ने।